## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ भदौ १८ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रको रिक्त कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि सिफारिस गर्न राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा छनौट समिति गठन गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मलेसियाको क्वालालम्पुरमा २०८३ भदौ २४ देखि २६ गतेसम्म आयोजना हुने FATF/International Cooperation Review Group/Asia-Pacific Join Group (APJG) सँगको बैठकमा सहभागी हुन नायब महान्यायाधिवक्ता श्री संजीव राज रेग्मीलाई स्वीकृति प्रदान गर्ने। |
| ३ | अर्थ मन्त्रालय | भोटेकोशी बाढी प्रभावित जनताको जीवन रक्षा तथा तत्कालीन आपतकालीन उद्धार तथा राहत कार्यका लागि एसियाली विकास बैंकबाट प्राप्त हुने पाँच मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने। |
| ४ | अर्थ मन्त्रालय | भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित व्यक्ति, उद्योग, व्यापार तथा व्यवसायलाई तत्काल सुचारु गर्न एकीकृत व्यावसायिक पुनरुत्थान योजनाअन्तर्गत राहत, कर तथा महसुल छुटलगायतका अन्य सहुलियत तथा सुविधा प्रदान गर्ने। |
| ५ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत् कुल २५,००० मे.टन परिमाणको चिनी एक प्रतिशत भन्सार महशुल लिई आयात गर्न स्वीकृति प्रदान गर्ने। |
| ६ | गृह मन्त्रालय | भोटेकोशी नदीमा आएको बाढीपछिको खोज तथा उद्धार कार्यमा खटिएका राष्ट्रसेवक कर्मचारीलाई जोखिम भत्ता, खाजा खर्च, घाईते भएमा निःशुल्क औषधोपचार तथा विपद र विपद उद्धार क्रममा खटिई मृत्यु हुने राष्ट्र सेवक कर्मचारीका आश्रित परिवारलाई प्रति मृतक दश लाख रूपियाँ राहत उपलब्ध गराउने। |
| ७ | गृह मन्त्रालय | वि.सं. २०८३ साल भदौ २३ गते जेन जी सहिद दिवसको अवसरमा नेपाल राज्यभर सार्वजनिक बिदा दिने। |
| ८ | गृह मन्त्रालय | जेनजी सहिद दिवस कार्यक्रम सञ्चालनको लागि जेन जी शहीद परिवार कल्याणकारी समाजलाई पन्ध्र लाख रुपियाँ अनुदान उपलब्ध गराउने। |
| ९ | परराष्ट्र मन्त्रालय | नेपाल सरकार र गणतन्त्र रुवान्डा सरकारबिच हस्ताक्षर हुने आर्थिक, प्राविधिक, वैज्ञानिक तथा साँस्कृतिक क्षेत्रमा सहयोग स्थापना र प्रवर्धनसम्बन्धी सम्झौता स्वीकृत गर्ने। |
| १० | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपाल प्रशासन सेवाका तीनजना सहसचिवहरूले पेश भएको राजीनामा स्वीकृत गर्ने। |
| ११ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा | झापा जिल्ला गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी (तेस्रो संशोधन) आदेश, २०८३ स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| | सामान्य प्रशासन मन्त्रालय | |
| १२ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सङ्घीय निजामती सेवासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा लोकसेवा आयोगको परामर्श माग गर्न स्वीकृति दिने। |
| १३ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गतका निकायमा आर्थिक वर्ष २०८३/८४ का लागि अधिकृतस्तरका २१७ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १४ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | २०८३ भदौ २२ देखि २५ गतेसम्म टिमोर लेस्तेमा सञ्चालन हुने Seventy-ninth Session of the WHO Regional Committee for South-East Asia कार्यक्रममा माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहता र अतिरिक्त सचिव डा. संगिता कौशल मिश्रालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १५ | संवत् २०८३ साल भदौ १० गते नेपाल-चीन सीमा रसुवाको भोटेकोशी नदीमा आएको अकल्पनीय भीषण बाढीको कारण मृत्युवरण गर्ने व्यक्तिहरूको सम्मान स्वरूप उक्त घटना भएको तेह्रौं दिनको पुण्यतिथिका दिन अर्थात् २०८३ भदौ २२ गते सोमबार राष्ट्रिय शोक मनाउने। उक्त दिन नेपालभरका सरकारी कार्यालय तथा विदेशस्थित नेपाली दुतावास र नियोगहरूमा राष्ट्रिय झण्डा आधा झुकाउने। | |
| १६ | नेपाल प्रशासन सेवा समूहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा श्री नारायणप्रसाद भट्टलाई बढुवा गर्ने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने। | |

# संवत् २०८३ साल भदौ २५ गतेको नेपाल सरकार, मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय सतर्कता केन्द्रसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा आगजनी तथा तोडफोडबाट पूर्ण क्षति भएका विभिन्न सात निकायहरूको जिन्सी सामानहरू मिनाहा गर्ने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | फिलिपिन्सको मनिलामा २०८३ भदौ ३० र ३१ गते आयोजना हुने Third Climate Adaptation Investment Planning Forum कार्यक्रममा सहभागी हुन मधेश प्रदेशका माननीय मुख्यमन्त्रीलाई स्वीकृति दिने। |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | भारतको नयाँ दिल्लीमा आयोजना हुने Nepal India Inter Governmental Sub Committee (IGSC) को बैठकमा सहभागी हुने नेपाली वार्ता टोली गठन गर्ने। |
| ५ | गृह मन्त्रालय | गृह मन्त्रालय अन्तर्गतका आयोजनामा आ.व. २०८३/८४ को लागि ५९ अधिकृतस्तरको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ६ | गृह मन्त्रालय | अनुचित लेनदेन (मिटर ब्याज) अपराध नियन्त्रण सम्बन्धी विधेयकको तर्जुमा गर्न गृह मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| ७ | गृह मन्त्रालय | २०८३ भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएका रसुवा, नुवाकोट, धादिङ, तनहुँ र गोरखा जिल्लाका १५ स्थानीय तहका पूर्णरूपले क्षति भई बसोबास गर्न अयोग्य निजी आवासका प्रभावित परिवारहरूले होल्डिङ सेन्टरमा नबसी निजी रूपमा अस्थायी बसोबास व्यवस्थापन गर्न चाहेमा त्यस्ता परिवारका लागि बढीमा ६ महिनासम्मका लागि तत्काल राहत स्वरूप ४ जनासम्मको सदस्य सङ्ख्या भएका प्रति परिवारलाई प्रति महिना रु १५०००।- र सोभन्दा बढी सङ्ख्या भएका परिवारलाई प्रति सदस्य थप रु २०००।- प्रदान गर्ने। |
| ८ | परराष्ट्र मन्त्रालय | संयुक्त राष्ट्रसंघको ८१औं महासभामा २०८३ असोज ६ देखि १० गतेसम्म सम्माननीय प्रधानमन्त्री श्री वालेन्द्र शाहज्यूको नेतृत्वमा सहभागी हुने नेपाली प्रतिनिधिमण्डलको भ्रमण स्वीकृत गर्ने। |
| ९ | पूर्वाधार विकास मन्त्रालय | फोहोरमैला व्यवस्थापनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसदमा पेस गर्न स्वीकृति दिने। |
| १० | भुमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | काठमाडौं, भक्तपुर, ललितपुर, सप्तरी र दाङ जिल्लाका कूल २७ स्थानीय तहहरूका १७,४३८ गरिब घर परिवारको सूची स्वीकृत गर्ने। |
| ११ | भुमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सडक विभाग र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| १२ | भुमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका १४ जना सहसचिवको सरुवा गर्ने। |
| १३ | भुमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका दुई जना सहसचिवहरूको राजीनामा स्वीकृत गर्ने। |
| १४ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदसमक्ष पेस गर्न स्वीकृति प्रदान गर्ने। |

| | | |
|---|---|---|
| | अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | |
| १५ | युवा, श्रम तथा रोजगार मन्त्रालय | युवा तथा साना व्यवसायी स्वरोजगार कोषलाई युवा, श्रम तथा रोजगार मन्त्रालयअन्तर्गत सञ्चालन तथा व्यवस्थापन गर्न स्वीकृति प्रदान गर्ने। |
| १६ | रक्षा मन्त्रालय | प्रचलित कानूनबमोजिम भ्रष्टाचार, चोरीसम्बन्धी कसुरको अनुसन्धान र तहकिकात गरी मुद्दा दायर गर्ने प्रयोजनका लागि सैनिक ऐन, २०६३ को दफा ६२(२)(क) बमोजिमको समितिको अध्यक्षमा नायब महान्यायधिवक्ता श्री खेमराज ज्ञवालीलाई तोक्ने। |
| १७ | रक्षा मन्त्रालय | जनवादी गणतन्त्र चीनमा २०८३ भदौ ३० देखि असोज १ गतेसम्म आयोजना हुने The 13th Beijing Xiangshan Forum मा प्रधान सेनापति महारथी श्री अशोक राज सिग्देललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| १८ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूह, सिभिल तथा आर्किटेक्चर उपसमूहका तीन जना महासेनानीहरूलाई सरुवा गर्ने। |
| १९ | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक साधारण सेवाका छ जना सहायक रथीहरू र तीन जना महासेनानीहरूको सरुवा गर्ने। |
| २० | रक्षा मन्त्रालय | नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, मेडिकल उपसमूहका दुई जना प्राविधिक महासेनानीहरूको सरुवा गर्ने। |
| २१ | रक्षा मन्त्रालय | २०८३ असोज ५ देखि १७ गतेसम्म मित्रराष्ट्र भारतको नयाँ दिल्लीमा आयोजना हुने Multi-Country ITEC-Executive Course "IN-STEP" on National Security and Related Geopolitical Themes विषयक कार्यक्रममा सहभागी हुन नेपाली सेनाका उपरथीलाई स्वीकृति दिने। |
| २२ | विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| २३ | शिक्षा तथा खेलकुद मन्त्रालय | शिक्षक सेवा आयोगको अध्यक्षमा डा. हरि प्रसाद लम्साल, भक्तपुर र सदस्यमा श्री रामशरण सापकोटा, मकवानपुर एवं महिला सदस्यमा श्री विष्णु घिमिरे रिमाल, काठमाडौँलाई नियुक्ति गर्ने। |
| २४ | शिक्षा तथा खेलकुद मन्त्रालय | जापानमा आयोजना हुने २०औँ एसियाली खेलकुदमा नेपाली प्रतिनिधिमण्डलमा सहभागी हुन २०८३ असोज १ देखि ९ गतेसम्म जापान भ्रमणमा सहभागी हुन माननीय शिक्षा तथा खेलकुद मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| २५ | फौजदारी कसूर (कैद कट्टा) (चौथो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। | |
| २६ | कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। | |
| २७ | सहकारी (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। | |
| २८ | सहसचिव श्री विनोदबहादुर कुँवरलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने। | |
| २९ | सहसचिव श्री उत्तर कुमार खत्रीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूर पश्चिम प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने। | |
| ३० | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशका प्रमुख सचिव श्री कृष्णप्रसाद काप्रीलाई निर्वाचन आयोगको सचिव पदमा र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव श्री वैकुण्ठप्रसाद अर्यालालाई महालेखा नियन्त्रक पदमा सरुवा गर्ने। | |

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ भदौ ३१ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सूचना प्रविधिसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | साइवर सुरक्षासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने) सम्बन्धी नियमावली, २०८३ स्वीकृत गर्ने। |
| ४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | केही नेपाल ऐनको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेस गर्न स्वीकृति दिने। |
| ५ | अर्थ मन्त्रालय | मित्रराष्ट्र चीनको स्वशासित क्षेत्र हङकङसँग द्वैध कराधान मुक्ति तथा वित्तीय छल निरोध सम्झौताका लागि वार्ता टोली गठन गर्ने। |
| ६ | अर्थ मन्त्रालय | अमेरिकी सहायताअन्तर्गत निर्माणाधीन विद्युत प्रसारणलाइन तथा सब-स्टेशनसमेतका सम्पत्तिहरूको लागत मूल्यांकन गरी नेपाल विद्युत प्राधिकरणमा नेपाल सरकारको थप शेयर कायम गर्नेगरी परियोजनाहरू सम्पन्न भएपश्चात आयोजनाले नेपाल विद्युत प्राधिकरणलाई क्रमशः हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने। |
| ७ | अर्थ मन्त्रालय | माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्ले नेतृत्वको प्रतिनिधिमण्डलको २०८३ असोज १ देखि ३ गतेसम्मको भारत भ्रमण स्वीकृत गर्ने। |
| ८ | अर्थ मन्त्रालय | पि.एस.ओ., सवारी चालक र सुरक्षा गार्डलाई खाना खर्च बापत साविकमा दिइआएको सुविधा वृद्धि गर्ने। |
| ९ | अर्थ मन्त्रालय | नेपाल धितोपत्र वोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभमा धितोपत्र विनिमय बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा ३६५ दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको ३.७५ प्रतिशत र ३६५ वा सोभन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको ५ प्रतिशत अग्रिम कर कायम गर्ने। |
| १० | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा, न्याय समूह राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू श्री ठगीन्द्र कट्टेल, श्री रामप्रसाद भट्टराई र श्री बाबुराम दाहाललाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गर्ने। |
| ११ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | २०८२ भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा आगजनी तथा तोडफोडको क्रममा पूर्ण रूपमा क्षति भएका सवारी साधन, जिन्सी मालसामानहरू तथा भौतिक सम्पत्ति मिनाहा गर्ने। |
| १२ | परराष्ट्र मन्त्रालय | साउदी अरबमा मृत्यु वा घाइते भएका नेपाली नागरिकको बीमा/क्षतिपूर्ति रकमसम्बन्धी कानूनी कारबाहीका लागि साउदी नागरिक कानून व्यवसायीलाई वारेसनामा (पावर अफ एटर्नी) दिई बीमा/क्षतिपूर्तिको प्रक्रिया अगाडि बढाउनेसम्बन्धी आदेश जारी गर्ने। |
| १३ | परराष्ट्र मन्त्रालय | नेपाली राजदूतावास, कोपनहेगन, डेनमार्क; नेपाली राजदूतावास, प्रिटोरिया, दक्षिण अफ्रिका; नेपाली राजदूतावास, नयाँ दिल्लीको फिल्ड कार्यालय, विशाखापट्टनम र नेपाली महावाणिज्यदूतावास, सानफ्रान्सिस्को, संयुक्त राज्य अमेरिका बन्द गर्ने। |

| | | |
|---|---|---|
| १४ | पूर्वाधार विकास मन्त्रालय | पूर्वाधार विकास कोषसम्बन्धी कानून तर्जुमाको लागि सिद्धान्त स्वीकृति गर्ने। |
| १५ | पूर्वाधार विकास मन्त्रालय | डिप्लोमा इन्जिनिरिङ परिषद्को व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसद समक्ष पेश गर्न स्वीकृति दिने। |
| १६ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सहसचिव श्री तुलसी नाथ गौतमले दिनु भएको राजीनामा स्वीकृत गर्ने। |
| १७ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | चक्रीय राहत कोष सञ्चालन कार्यविधि, २०८३ स्वीकृत गर्ने। |
| १८ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सो सरहका आठ जना कर्मचारीको सरुवा गर्ने। |
| १९ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतका कार्यालय/कार्यक्रमहरूको लागि आ.व. २०८३/८४ का लागि अधिकृतस्तरका छ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| २० | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | मिति २०८३ असोज १९ देखि २२ गतेसम्म फिलिपिन्सको मनिलामा आयोजना हुने Asia-Pacific Social Protection Week 2026: Empowered Lives, Resilient Futures विषयक कार्यक्रममा महिला, बालबालिका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २१ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | नेपाल रेडक्रस सोसाइटीको विधान बमोजिम नयाँ कार्यसमिति गठन गर्ने कार्य जिम्मेवारी दिई श्री विशाल कुमार भण्डारीको अध्यक्षतामा नेपाल रेडक्रस सोसाइटीको तदर्थ समिति गठन गर्ने गरी बाधा अड्काउ फुकाउने आदेश जारी गर्ने। |
| २२ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | दलित समुदायको परिभाषा र थर सूचीकरण सम्बन्धी विवरण स्वीकृत गर्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने। |
| २३ | रक्षा मन्त्रालय | मित्रराष्ट्र संयुक्त अधिराज्य (बेलायत) मा २०८३ असोज १९ देखि २५ गतेसम्म सञ्चालन हुने औपचारिक भ्रमणमा प्रधान सेनापति महारथी श्री अशोक राज सिग्देल र उपरथी श्री मधुकर सिंह कार्कीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २४ | रक्षा मन्त्रालय | नेपाली सेनाका महासेनानी मदन जंग राणा र महासेनानी सुरज लामिछानेलाई सहायक रथी दर्जामा बढुवा गर्ने। |
| २५ | रक्षा मन्त्रालय | नेपाली सेनाका सहायक रथी सोबेन्द्र सिंह महतलाई उपरथी दर्जामा बढुवा गर्ने। |
| २६ | रक्षा मन्त्रालय | नेपाली सेनाका प्राविधिक महासेनानी भरत लाल श्रेष्ठलाई सहायक रथी दर्जामा बढुवा गर्ने। |
| २७ | रक्षा मन्त्रालय | नेपाली सेनाका सहायक रथी प्रकाश थापालाई उपरथी दर्जामा बढुवा गर्ने। |
| २८ | रक्षा मन्त्रालय | नेपाली सेनाका प्राविधिक सुबेदार रमेश थापा क्षेत्रीलाई उपसेनानी दर्जामा विशेष बढुवा गर्ने। |

| | | |
|---|---|---|
| २९ | रक्षा मन्त्रालय | २०८३ असोज १ गतेदेखि ३ गतेसम्म मित्रराष्ट्र भारतको नयाँ दिल्लीमा सञ्चालन हुने हेलिकोप्टर Maintenance, Repair & Overhaul (MRO) सम्बन्धी बैठकमा उपरथी श्री प्रकाश राज थापालाई सहभागी हुन स्वीकृति दिने। |
| ३० | रक्षा मन्त्रालय | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ३१ | विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय | रासायनिक पदार्थ व्यवस्थापन गर्न बनेको विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| ३२ | शिक्षा तथा खेलकुद मन्त्रालय | उपसचिव श्री दिव्या दवाडीलाई सोही सेवा समुहको रा.प.प्रथम श्रेणीको सहसचिव पदमा बढुवा गरी स्वैच्छिक अवकाश दिने। |
| ३३ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | प्रमुख जनस्वास्थ्य प्रशासक (एघारौं तह) श्री केशवराज पण्डितले दिनु भएको राजीनामा स्वीकृत गर्ने। |
| ३४ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। |
| ३५ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। |
| ३६ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने। |
| ३७ | क्यासिनो नियमावली, २०८३ स्वीकृत गर्ने। बाँकी | |
| ३८ | निःशुल्क कानूनी सहायतासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गर्ने। | |
| ३९ | नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३ संघीय संसदमा प्रस्तुत गर्न स्वीकृति दिने। बाँकी | |
| ४० | नेपाल प्रशासन सेवा समूहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त एक पदमा श्री कालीप्रसाद पराजुलीलाई बढुवा गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पदस्थापन गर्ने। | |
| ४१ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव श्री सरिता दवाडी लाई नेपाल ट्रष्टको कार्यालयको कार्यकारी सचिव पदमा सरूवा गर्ने। | |
| ४२ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा कार्यरत अतिरिक्त स्वास्थ्य सचिव (बाह्रौं तह) श्री संगीता कौशल मिश्रालाई अतिरिक्त समूहमा सरूवा गर्ने। | |